जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक २६ २०८३ साल भदौ १ गते सोमबार (17 Aug 2026 Monday) मूल्य रु. ५/-

## बाल अधिकारको संरक्षण

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : यसरी धराशायी बनाइयो... ३ पृष्ठमा : अनलाइनमार्फत स्वास्थ्य... ३ पृष्ठमा : इन्डोनेसिया भूकम्प : मृतक संख्या...

# स्वास्थ्य मन्त्री र प्रतिधिनिसभा सदस्य सम्मिलित टोलीद्वारा सप्तरीका विभिन्न अस्पतालको अनुगमन तथा निरिक्षण



*तस्बिर : राजविराज दैनिक*

गजेन्द्र नारायण सिंह अस्पतालको सभाकक्षमा सरोकारवालासँग सम्वाद गर्दै स्वास्थ्य मन्त्री निशा मेहता

**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**

संघीय सरकारका स्वास्थ्य मन्त्री र प्रतिधिनिसभा सदस्य सम्मिलित टोलीले सप्तरी सदरमुकाम राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालदेखि प्रस्तावित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्मको अवस्था बारे जानकारी लिएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहता, प्रतिनिधिसभा सदस्यद्वय डा. अंकिता ठाकुर र पुष्पा चौधरीसहितको टोलीले आइतबार हनुमाननगर कंकालिनी नगरपालिकास्थित भारदह अस्पताल, राजविराज नगरपालिकास्थित गजेन्द्र नारायण सिंह अस्पताल तथा प्रस्तावित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण स्थलको स्थलगत निरिक्षण गर्दै अवस्था बारे जानकारी लिएका हुन् ।

सो क्रममा गजेन्द्र नारायण सिंह अस्पतालको सभाकक्षमा सरोकारवालासँग सम्वाद गर्दै मन्त्री मेहताले स्वास्थ्य क्षेत्रको समस्या बुझ्न र समस्याको पहिचान गरी समाधान खोज्न स्थलगत अवलोकन गरिएको जानकारी दिइन् ।

यस्तै ३१ करोडको लगानीमा निर्माण गरिएको गजेन्द्र नारायण सिंह अस्पतालको नव निर्मित भवनबाट सेवा सुचारु गरेपछि अस्पतालका धेरै समस्या समाधान हुदै जाने भन्दै उनले भदौं भित्र उक्त भवन हस्तान्तरण गर्न सरोकारवाला कार्यालय र निर्माण कम्पनीलाई निर्देशन समेत दिइन् ।

मन्त्री मेहताले अस्पतालमा आईसीयू, भेन्टिलेटर लगायतका अन्य अत्याधुनिक उपकरण जडानका लागि ठाउँको अभाव भईरहेको कारण भदौं भित्रै नयाँ भवन निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण गरिनु पर्ने भनिन् ।

हाल ५० शैयाको मात्र सेवा उपलब्ध भई रहेको अस्पतालमा सेवा विस्तार गरी एक सय शैयामा पुर्याउने तयारी भई रहेको उनले जानकारी दिदै राजविराजमै रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान संचालनमा आए पछि अस्पतालको धेरै समस्या समाधान हुने र स्वतः स्तरोन्नित हुने उनको भनाई थियो ।

सो अवसरमा अस्पतालका तर्फबाट अधिकृत सूर्यकान्त झाले हाल ५० शैयाको मात्र स्वीकृति प्राप्त गरी ठुलो संख्यामा विरामीलाई सेवा प्रदान गर्नु पर्ने बाध्यता रहेकोले थप शैय्या विस्तार, नर्सिङ कलेजका लागि नयाँ भवन तयार भए पनि जनशक्ति र वजेट अभावका कारण संचालन हुन नसकेकोले आवश्यक व्यवस्था गर्न, लामो समयदेखि अस्पताल विकास समिति गठन हुन नसकेकाले सो समिति गठन तथा प्रस्तावित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य संचालन गर्न लगायतका चार बुँदे अनुरोध पत्र मन्त्री मेहतालाई बुझाएका थिए ।

अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. विरेन्द्र मण्डलको अध्यक्षतामा आयोजित संवाद कार्यक्रममा स्थानीयका तर्फबाट दिपेन्द्र चौधरीले अस्पताल सुधारका १५ बुँदे ज्ञापनपत्र मन्त्री मेहताका बुझाएका थिए । सो क्रममा उनले नगर स्थापना कालदेखि नै बसोबास गर्दै आएका पाँच हजार भन्दा बढी परिवारले अझैं लालपुर्जा पाउन नसकेको भन्दै पहलका लागि मन्त्री मेहताको ध्यानाकर्षण गराएका थिए ।

सो अवसरमा मन्त्री मेहताले उक्त स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि चालु आर्थिक वर्षमा ५० करोड रुपैयाँ बजेट छुट्याइएको जानकारी दिदै अब ऐन पारित गरी प्रतिष्ठानको निर्माण कार्य पनि छिट्टै अघि बढ्ने बताईन् ।

## रोजगारीका लागि भारत गएका मिश्रा १३ वर्षदेखी वेपत्ता



वेपत्ता भएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ का अमरिश मिश्रा ।
*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**

रोजगारीका लागि १३ वर्ष अघि भारत गएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ का अमरिश मिश्रा सम्पर्कविहीन छन् ।

रोजगारीका लागि भारतको राजधानी नयाँ दिल्लीमा एक कारखानामा काम गर्न गएका उनी १३ वर्षदेखी परिवार र आफन्तको सम्पर्कमा नरहेको भन्दै खोजीका लागि पहल गरिदिन परिवारजनले सबैमा अपिल गरेको छ ।

उनी १८ वर्ष कै उमेर हुँदा रोजगारीका लागि भारतको दिल्ली पुगेका थिए । लामो समयदेखी छोरा सँग सम्पर्क नहुँदा परिवार निकै पीडामा छन् । आफ्ना छोराको खोजी कार्यमा सघाउन बृद्ध बुवा अमोल, आमा रेखा र भाई निकुन्जले सबैमा अपिल गरेका हुन् ।

उनलाई कुनै पनि ठाउँमा देख्नेले जानकारी गराईदिन पनि परिवारजनले अपिल गरेका छन् । भाई निकुन्जका अनुसार दिल्लीस्थित कारखानामा काम गर्न १३ वर्ष अघि दोश्रो पटक अमरिश पुगेका थिए । यस भन्दा अघि उनी सोही कारखानामा दुई वर्ष जति काम गरेर फर्किएका थिए । दोश्रो पटक दिल्ली जाँदा "उक्त कारखानामा साहुजीसँग ३०/४० हजार रुपैया लिन बाँकी छ, सो रकम लिएपछी केही दिन उतै बसेर फर्किन्छु, भन्दै घरबाट हिडेका दाजु अमरिश अहिलेसम्म फर्केका छैनन्" उनले भने ।

उनले दाजु अमरिश बारे उक्त कारखानाका संचालकसँग जिज्ञासा राख्दा "आफ्नो कारखानामा काम छाडेको र त्यसपछी कहाँ गयो भन्ने कुरा केही थाहा नभएको" भनी जवाफ फर्काएको सुनाए ।

मिश्राको परिवार, आफन्त र साथीभाई समेत फोटो बोकेर सम्भावित स्थानहरुमा खोजीमा जुटेका छन् । वैदेशिक रोजगारीमा रहेर परिवारको सम्पर्क बाहिर पुगेका अमरिशको अवस्था पत्ता लगाउन त्यहास्थित नेपाली दुतावासले पनि कुनै सहयोग नगरेको परिवारजनको गुनासो छ ।

परिवारले नेपाल प्रहरी तथा भारतको वेपत्ता खोजतलास केन्द्रलाई समेत अमरिशको खोजी कार्यमा सहयोग गर्न अपिल गरेका छन् ।

## दोश्रो पटक छोरी जन्माएको निहुँमा बुहारीको हत्या गरेको अभियोगमा ससुरा पक्राउ, श्रीमान्सहित ५ जना अझै फरार

**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**

सप्तरीको बोदेबर्साइन नगरपालिका–८ काचन टोलका ५५ वर्षिय बद्री दास २५ वर्षिया बुहारी शिव कुमारी दासको हत्या गरेको अभियोगमा पक्राउ परेका छन ।

दोश्रो पटक पनि छोरी नै जन्माएको निहुँमा बुहारीलाई विष खुवाई हत्या अपराध गरेको अभियोगमा ससुरा दास पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



मृतक २५ वर्षिया बुहारी शिव कुमारी दास

उक्त घट्नाका अन्य आरोपित शिव कुमारीका श्रीमान् लालो प्रसाद दास, देवर संजिव, धनेश्वर, नन्द भुटनी देवी र सासु सीता देवी अझै फरार छन । सप्तरी जिल्ला अदालतबाट उनीहरु विरुद्ध पनि पक्राउ पुर्जी जारि भएकाले खोजी कार्य भइरहेको प्रहरीको भनाई छ ।

पाँच वर्ष अघि भएको उक्त घट्ना पछी फरार भएका दासलाई गोप्य सुचनाका आधारमा विहीवार राती इलाका प्रहरी कार्यालय कडरबोनाका प्रहरी निरिक्षक श्याममणी पोखरेलको कमाण्डमा खटेको टोलीले घर मै लुकी छिपी वसेको अवस्थामा पक्राउ गरेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका बद्री दासलाई विष सेवनबाट कर्तव्य ज्यान कसुरमा शुक्रवार सप्तरी जिल्ला अदालतबाट ५ दिनको म्याद लिएर थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरिक्षक हेमराज घिमिरेले बताए ।

उनी सहित ६ जना विरुद्ध मृतक शिव कुमारीका वुवा रामदेवले दिएको जाहेरीका आधारमा इलाका प्रहरी कार्यालय कडोरबोनामा मुद्धा दर्ता भएको थियो । प्रहरी नायव उपरिक्षक घिमिरेका अनुसार २०७७ साल कार्तिक १७ गते राती उक्त घट्ना भएको थियो । शिव कुमारीले घटनाको एक महिना अघि मात्र दोश्रो छोरी जन्माएकी थिइन ।

छोरी मात्र जन्माएको निहुँमा २५ वर्षिया शिव कुमारीलाई सासु, ससुरा, श्रीमान्, देवर र नन्द सबै मिलेर पटक/पटक यातना दिने, कुटपिट गर्ने तथा २०७७

***बाँकी अन्तिम पृष्ठमा***

## करेन्ट लागेर युवतीको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, ३१ साउन ।**

धनुषामा करेन्ट लागेर एक २३ वर्षीया युवतीको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार महोत्तरीको एकडारा गाउँपालिका १ बस्ने २३ वर्षीया पुनिताकुमारी महतोको करेन्ट लागेर मृत्यु भएको हो ।

भिनाजु सन्देश महतोको घर जनकपुर उपमहानगरपालिका–१८ तेतरिया आएका बेला आइतबार बिहान ११ बजेतिर पानीको मोटरको स्विच थिच्ने क्रममा उनलाई करेन्ट लागेको थियो ।

करेन्ट लागेर गम्भीर घाइते भएकी उनलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पुर्याइएको थियो । चिकित्सकहरूले जाँचका क्रममा उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

## सम्पादकीय ....

### पूर्वतयारी आवश्यक

अहिले समय वर्षा र बाढीको आउने प्रवल सम्भावना रहेको मौसम हो । यस अवस्थामा विपद् पूर्वतयारी गर्न आवश्यक छ । विगतका वर्षहरुमा यसै समय वर्षासँगै बाढी आउने गर्दछ । वर्षा हुने अनुमानका साथै प्राकृतिक विपद् समेत आउने सम्भावना उत्तिकै रहेको छ । सो विपद्बाट भौतिक क्षति हुनुका साथै मानविय क्षति समेत हुने गरेको विगतको तथ्याङ्कले देखाउदै आएको छ । यस्ता विपद्का लागि पूर्वतयारी आवश्यक हुन्छ ।

यस्तै वर्षापछी चिसोको मौसम आउने गर्छ । सो समयमा गरिब, निमुखा जनताहरु चिसोका कारण अत्याधिक कष्टर जिवन बिताउनु परेको कसैसामु लुकेको छैन् । खासगरी गरीब तथा विपन्न यस मौसममा बढी मारमा पर्ने गरेका छन् । वृद्धवृद्धा तथा बालबालिकालाई यस मौसमले बढी कष्ट पुऱ्याइरहेको हुन्छ ।

विपद्ले ठूलै क्षति पुऱ्याउने गरेकोले त्यसलाई मध्यनजर गर्दै पूर्वतयारी पनि उत्तिकै आवश्यक छ । तसर्थ यसका लागि विभिन्न निकायले पूर्वतयारीका साथै क्षति न्यूनिकरणका लागि गम्भिरतापूर्वक लाग्नु पर्छ ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# यसरी धराशायी बनाइयो उदयपुर सिमेन्ट उद्योग

**कमलकुमार बस्नेत**
काठमाडौं, ३१ साउन (रासस) ।

उच्च गुणस्तरको चुनढुङ्गा खानी, जापानी सहयोगमा बनेको कारखाना । बजारमा स्थापित 'गैंडा छाप' ब्रान्ड । सबै हुँदाहुँदै यतिबेला उदयपुर सिमेन्ट उद्योग सङ्कटमा छ ।

गाईघाट बजारको विकासमा महत्वपूर्ण योगदान दिएको उद्योगभित्रको भ्रष्टाचार, व्यवस्थापकीय कमजोरी, राजनीतिक हस्तक्षेप र व्यक्तिगत तथा समूहगत स्वार्थका कारण उद्योग क्रमशः धराशायी बन्दै गएको छ । यसको पछिल्लो उदाहरण हो, बोरा अभावमा छ महिनादेखि थन्किएको सिमेन्ट ।

उत्पादन भई गोदाममा थन्किएको सिमेन्ट बोरा अभावमा बजारसम्म नपुग्नुको अर्थ हो, कमजोर व्यवस्थापन र नेतृत्वको अदूरदर्शी सोच । निजी कम्पनीहरूले धमाधम सिमेन्ट उत्पादन र बिक्री गरिरहेको अवस्थामा बोरा अभावमा सिमेन्ट थन्काउनुपर्ने बाध्यात्मक अवस्था आउनुले पनि उद्योग कुन अवस्थामा छ भन्ने बुझ्न कठिन छैन ।

उद्योगका प्रशासन प्रमुख गम्भीरजङ्ग खत्रीका अनुसार १० लाख बोरा आपूर्ति गर्ने जिम्मा पाएको चितवनस्थित आशीर्वाद पोली प्याक्सले छ महिना अघिसम्म करिब पाँच लाख २७ हजार बोरा आपूर्ती गरिसकेको थियो । तर गत चैतमा कम्पनीले इन्धनको मूल्य वृद्धि भएको आफूले पहिलेको बाँकी रकम भुक्तानी नपाएकोलगायत कारण देखाउँदै रकम भुक्तानी नभएसम्म बोरा दिन नसक्ने स्पष्ट पाऱ्यो ।

"तत्कालीन समयमा कम्पनीलाई उद्योगले रु २७ लाख भुक्तानी गर्न बाँकी थियो, हामीले पैसा दिनसक्ने अवस्था थिएन, त्यसैले बोरा आपूर्ती रोकिएको थियो, तर पछि उहाँलाई अनूरोध गरेपछि ५३ हजार १८७ बोरा आपूर्ती भयो", उहाँले भन्नुभयो । पछिल्लो पटक बोरा आपूर्ती भएपछि रु नौ लाखभन्दा बढी भुक्तानी भइसकेको छ भने अब पुरानो र नयाँ गरी करिब रु ३६ लाख भुक्तानी बाँकी छ ।

आशीर्वाद पोली प्याक्सका शेयर सदस्य तथा बजार प्रमुख अनिल भण्डारी भने भुक्तानीको विषयमा फरक तर्क राख्नुहुन्छ । उहाँका अनुसार उद्योगसँग करिब पाँच वर्षअघि दुई वर्षमा १० लाख बोरा आपूर्ति गर्ने गरी सम्झौता भएको थियो । तर उद्योगले माग नगरेपछि अहिलेसम्म पाँच लाख ८० हजार हाराहारीमा बोरा आपूर्ति गरिएको छ । उहाँका अनुसार कम्पनीले हालै रु पाँच लाख मात्रै भुक्तानी गरेको थियो भने अब करिब रु ४२ लाख लिन बाँकी छ ।

**महँगोमा कोइला खरिद**

उद्योगले महङ्गो मूल्यमा कोइला खरिद गरेको विषयमा चर्को आलोचना हुँदै आएको छ । निजी क्षेत्रका उद्योगहरूले औसतमा प्रतिटन रु १९ हजारदेखि २० हजारमा कोइला खरिद गरिरहेकामा उद्योगले औसतमा रु २५ हजारदेखि रु ३० हजारमा कोइला खरिद गरिरहेको छ । उदाहरणका लागि उद्योगले २०८० कात्तिक १४ गते र सोही वर्षको मङ्सिर २ गते र प्रतिटन रु २७ हजार ६६६ मा कोइला खरिद गरेको थियो भने सोही वर्षको असार ३१ गते प्रतिटन रु २३ हजार ८३८ मा कोइला खरिद गरेको थियो । यसरी उद्योगले औसतमा कोइलामा प्रतिटन रु पाँच हजारदेखि रु १० हजारसम्म घाटा भइरहेको छ । उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गर्दा वार्षिक ५० हजार टन कोइला आवश्यक पर्छ । भन्सार विभागका अनुसार उद्योगले महङ्गो मूल्यमा कोइला खरिद गरिरहेको समयमा भने प्रतिटन रु १३ हजारमा कोइला आयात भइरहेको थियो । आयात भएको कोइलालाई उद्योगले करिब दोब्बर मूल्यमा खरिद गरिरहेको देखिन्छ ।

त्यति मात्रै होइन, कोइलाको गुणस्तरमा पनि प्रश्न उठेको थियो । उद्योगका लागि आवश्यक कोइलाको मापदण्डमा पनि प्रश्न उठ्ने गरेको छ । उद्योगमा प्रयोग गर्न मिल्ने कोइलाको जिसिभी मापदण्ड र 'मोस्चराइज' को मापदण्डमा पनि चलखेल हुने गरेको अध्ययनका क्रममा पाइएको जनाइएको छ ।

**किलसेल मेसिनमा गडबडी**

उद्योगमा दुई वर्ष अघि ६० मिटर लम्बाइको किलसेलमध्ये २०.८ मिटरको किलसेल खरिद गरी ल्याउने क्रममा दुर्घटनामा पऱ्यो । जसका कारण रु पाँच करोडभन्दा बढी लागतको क्षति पुग्यो । हाल तीन वटा टुक्रा भएको किलसेल अलपत्र अवस्थामा छ । क्षतिग्रस्त भएपछि त्यसको मर्मत पनि गरिएको छैन भने अहिले बेवारिसे अवस्थामा राखिएको छ ।

यसअघि पनि ५.८ मिटर लम्बाइको किलसेल खरिद गर्दा करिब रु ६ करोड खर्च भएको थियो, पछि सोभन्दा कम मूल्यमा २०.८ मिटरको किलसेल खरिद गरी ल्याउने क्रममा भएको दुर्घटनालाई अस्वभाविक रूपमा हेरिएको छ । यसले उद्योग सञ्चालनमा ठूलो क्षति पुगेको छ ।

**अख्तियारमा मुद्दाको चाङ**

भ्रष्टाचार र कमजोर व्यवस्थापनमा फसेको उद्योगसम्बन्धी अहिले छ वटा मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ । जसमध्ये दुई वटाको हकमा मुद्दा दायर भइसकेको छ भने चार वटाको अध्ययन भइरहेको छ ।

जसमा उद्योगका महाप्रबन्धक समेतले मिलेमतोमा टेण्डर नं. ४४-७ न्यू आयन सप्लायर्स सिद्धार्थनगर रूपन्देहीलाई १० प्रतिशत मौज्दुरमा छुट दिई अनियमितता गरेको भन्ने मुद्दामा अनुसन्धान भइरहेको छ भने तत्कालीन महाप्रबन्धक सुरेन्द्र पौडेल समेतले मिलेमतो गरी विभिन्न अनियमितता गरी उद्योगलाई धराशायी बनाएको उजुरीमा पनि अनुसन्धान भइरहेको छ ।

आयोगका अनुसार तत्कालीन महाप्रबन्धक समेत उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा टेण्डर नं. ३१-१/०७४/०७५ मा सम्झौतामा तोकिएभन्दा बढी रकम भुक्तानी गरिएको भन्ने समेतमा पनि अनुसन्धान भइरहेको जारी छ । साथै कारखानाका तत्कालीन महाप्रबन्धक समेतले मिलेमतोमा अघिल्ला आवमा खरिद भएका कोइला रिजेक्ट भनी पुनः बिक्री वितरण गरेको भन्ने समेतमा आयोगले अनुसन्धान गरिरहेको छ ।

त्यसैगरी आव २०६४/६५ देखि २०७७ पुस मसान्तसम्म सिमेन्ट उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ, चुनढुङ्गा, क्लिङ्करको खपत बढी उत्पादन कम रहेको मुद्दा र तत्कालीन महाप्रबन्धक समेतले आवश्यकता औचित्यता नभएको प्राविधिक दृष्टिले रीतपूर्वक माग नभएको अवस्थामा खरिद ऐन, विपरीत पेसी भुक्तानी गरेको भन्ने उजुरीमा भने मुद्दा दायर भइसकेको छ ।

**पुरानो प्रविधि**

उद्योग धराशायी हुनुमा पुरानो प्रविधि र मेसिनरी प्रमुख कारण देखिन्छ । खानी उत्खननदेखि कारखाना सञ्चालनसम्म पुरानै प्रविधिमा निर्भर रहँदा रोप-वे, कोल मिल, नियन्त्रण प्रणालीलगायतका उपकरण समयअनुसार अपग्रेड हुन सकेका छैनन् । आधुनिक प्रविधि नअपनाउँदा उत्पादन लागतसमेत बढेको छ । त्यस्तै, खानी उत्खननको लागत उच्च छ । अझै पुरानो ब्लास्टिङ प्रणालीबाट चुनढुङ्गा निकाल्दा विस्फोटक पदार्थ, सुरक्षा तथा सेना परिचालनका कारण उत्खनन खर्चिलो बनेको छ । आधुनिक उत्खनन प्रविधि अपनाउन नसक्दा ठूलो र गुणस्तरीय खानी हुँदाहुँदै पनि त्यसको लाभ लिन सकिएको छैन ।

त्यसैगरी कम उत्पादकत्व पनि उद्योगको अर्को समस्या हो । कारखानाका धेरै उपकरण बढी उत्पादन क्षमताका लागि डिजाइन गरिएका भए पनि वास्तविक उत्पादन त्यसभन्दा कम छ । सामान्य मर्मतसम्भार तथा प्रणाली सुधारबाट उत्पादन बढाउन सकिने अवस्था हुँदाहुँदै त्यसतर्फ पर्याप्त काम हुन सकेको छैन ।

कमजोर व्यवस्थापन र जवाफदेहिताका कारण पनि उद्योगले गति लिन सकेको छैन । उद्योगको नियमित अनुगमन कमजोर हुनु, नेतृत्व परिवर्तन भइरहनु तर दीर्घकालीन योजना कार्यान्वयन नहुनु तथा उद्योगको अवस्थाबारे जिम्मेवार निकायबाट पर्याप्त निगरानी र रिपोर्टिङ नहुनु समस्या बनेको छ ।

उद्योगमा राजनीतिक हस्तक्षेप र युनियनबाजीले पनि व्यवस्थापनमा असर पारेको स्रोतको दाबी छ । काम नगर्ने प्रवृत्ति र आन्तरिक दाउपेचले उत्पादनमा असर पुऱ्याएको बताइएको छ । त्यस्तै, जनशक्ति व्यवस्थापनको समस्या पनि छ । आवश्यकताभन्दा बढी जनशक्ति र उच्च कर्मचारी लागत रहेको, दक्ष तथा अनुभवी प्राविधिक कर्मचारी अवकाश हुँदै जाने तर प्रशासनिक प्रकृतिको जनशक्ति बढी रहने अवस्था रहेको उल्लेख छ । दक्ष जनशक्तिलाई सीपअनुसार परिचालन गर्न नसक्दा पनि उत्पादकत्वमा असर परेको जानकार बताउँछन् । साथै, ऊर्जा लागत पनि पर्याप्त रूपमा नियन्त्रण हुन सकेको छैन । पुराना प्रणाली र ठूला मोटरका कारण विद्युत् खपत उच्च रहेको र ऊर्जा अडिट तथा प्रणाली सुधारमार्फत घटाउन सकिने खर्चमा पनि पर्याप्त ध्यान नदिइएको देखिन्छ ।

त्यसैगरी व्यावसायिक बजार रणनीतिको अभावले पनि उद्योगलाई कमजोर बनाएको छ । उच्च गुणस्तरको चुनढुंगा र क्लिङ्कर हुँदाहुँदै क्लिङ्कर बिक्री, ब्लक सिमेन्ट तथा पिपिसी जस्ता सम्भावित बजारको पर्याप्त उपयोग हुन सकेको छैन ।

**खानी हत्याउने प्रयास**

उदयपुर सिमेन्ट उद्योगको सबैभन्दा ठूलो शक्तिका रूपमा यसको खानीलाई लिइन्छ । जिल्लाको उत्तरी भेगमा पर्ने सुकौरा (सिन्धुवा) मा अवस्थित यो खानी उद्योग स्थल त्रियुगा नगरपालिका-६, जलजलेबाट करिब २७ किलोमिटर उत्तरमा पर्छ । जापान सरकारले गरेको अध्ययनअनुसार खानीमा करिब सात करोड ३५ लाख मेट्रिक टन चुनढुंगा उत्पादनयोग्य क्षमता छ । जसमध्ये हालसम्म ४० लाख मेट्रिक टन मात्रै उत्खनन् गरिएको छ । अहिले अर्थात् ठूलो हिस्सा अझै उपयोग हुन बाँकी छ ।

यो खानी किन पनि महत्त्वपूर्ण छ भने यसमा पाइने चुनढुङ्गा नेपालमै सबैभन्दा राम्रो भएको जानकारहरू दावी गर्छन् । यस चुनढुङ्गामा एमजीओ औसत १.५ प्रतिशत छ । एमजिओ जति कम भयो त्यति सिमेन्टका लागि राम्रो मानिन्छ । जबकी सिमेन्टमा प्रयोग हुने एमजीओ ५ प्रतिशतसम्मलाई स्वीकार गरिन्छ ।

नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशक कुमारी ज्योति जोशीका अनुसार नेपालमा रहेका सिमेन्टका गुणस्तरमा ओपिसी (३३ ग्रेड), ओपिसी ४३ र ५३ ग्रेडका लागि अधिकतम पाँच प्रतिशत एमजिओ निर्धारण गरिएको छ भने पिपिसी सिमेन्टका लागि ६ प्रतिशत एमजिओको मापदण्ड निर्धारण गरिएको छ ।

नेपालमा सञ्चालित अधिकांश सिमेन्ट कम्पनीलाई यो मापदण्ड पूरा धौधौ भइरहेको छ । खानीमा पाइने चुनढुङ्गामा क्याल्सियम अक्साइड ५२ प्रतिशतभन्दा बढी छ । जबकी नेपाल अन्य

*बाँकी अन्तिम पृष्ठमा*

# अनलाइनमार्फत स्वास्थ्य बिमामा आबद्ध हुन सकिने

काठमाडौँ, ३१ साउन (रासस) ।

स्वास्थ्य बिमा बोर्डले अनलाइनबाट बिमामा आबद्ध हुनसक्ने प्रक्रिया सुरु गरेको छ । बिमा कार्यक्रममा नयाँ आबद्धता, बिमालेख नवीकरण, सेवाग्राहीको व्यक्तिगत विवरण अद्यावधिक गर्ने (केवाइसी अपडेट) लगायत सबै काम अनलाइनमार्फत गर्न सकिने छ ।

बोर्डका प्रवक्ता डा पवनकुमार शाहले यसअघि बिमा कार्यक्रममा दर्ता सहयोगीमार्फत सर्वसाधरण बिमा आबद्ध हुने गरेकामा शुक्रबारदेखि सुरु गरिएको सेवामार्फत अनलाइनबाटै सबै विवरण र सेवा प्राप्त गर्न सकिने जानकारी दिनुभयो । "हामीले बिमामा आबद्ध हुनका लागि अनलाइनामार्फत आफैँले फारम भर्न मिल्ने प्रणाली सुरु गरिसकेका छौँ", उहाँले भन्नुभयो, "अबदेखि दर्ता सहयोगीविना बिमा आबद्धता, नवीकरणलगायत सबै काम हुन्छन् ।"

'विद्युतीय माध्यमबाट स्वास्थ्य बिमामा आबद्धता तथा बिमालेख नवीकरणसम्बन्धी कार्यविधि, २०८३' बमोजिम अनलाइनमार्फत बिमा आबद्धता र नवीकरण गर्न सुरु गरिएको प्रवक्ता शाहले बताउनुभयो । उहाँका अनुसार यसका लागि 'इसेवा', 'खल्ती' र 'कनेक्ट आइपिएस' मार्फत भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ ।

उक्त प्रणालीमार्फत व्यक्ति स्वयंले तथा दर्ता सहयोगीले परिवारलाई डिजिटल माध्यमबाट स्वास्थ्य बिमामा आबद्ध तथा बिमालेख नवीकरण गर्न सक्नेछन् । अहिले बिमामा ५९ लाख ७० हजार ४०३ जना आबद्ध भएका प्रवक्ता शाहले जानकारी दिनुभयो । उहाँका अनुसार स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि रु तीन हजार ५०० बराबरको योगदानको आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवा उपलब्ध गराइन्छ ।

थप प्रतिसदस्य रु ७०० का दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु २० हजार बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ । यस्तै आठ प्रकारका कडा रोगमा एक लाख बराबरको थप सेवा प्रदान गरिने स्वास्थ्य बिमा बोर्डले जनाएको छ ।

# प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सेवा बन्द

चितवन, ३१ साउन (रासस) ।

बागमती प्रदेश सरकारअन्तर्गतको प्रदेश जनस्वास्थ्य प्रयोगशाला, भक्तपुरको जनस्वास्थ्य प्रयोगशाला सेवा एकाइ चितवनमा खकार परीक्षण तथा एचआइभी, एचसिभी र भाइरल लोड परीक्षणबाहेकका सम्पूर्ण सेवा बन्द भएका छन् ।

प्रयोगशालामा अघिल्लो आर्थिक वर्षमा ल्याइएका सामग्री सकिएको र चालु आवका लागि आवश्यक सामग्री आइनसकेकाले गत साउन २६ गतेदेखि सेवा बन्द भएको हो । प्रयोगशालाका सूचना अधिकारी रमेशसिंह डोवालले प्रयोगशाला सेवा बन्द भएको सम्बन्धमा सूचना जारी गरी सेवाग्राहीलाई जानकारी गराइएको बताउनुभयो । उहाँका अनुसार प्रयोगशाला सामग्री खरिदको प्रक्रिया चलिरहेको भए पनि आवश्यक सामग्री आइनसकेका कारण सेवा बन्द गर्नुपरेको हो ।

प्रयोगशालाबाट विभिन्न स्वास्थ्य परीक्षण हुँदै आएको थियो । यहाँ दैनिक एक सयभन्दा बढी व्यक्तिको विभिन्न स्वास्थ्य परीक्षण हुने गरेको सूचना अधिकारी डोवालले बताउनुभयो । अन्य स्थानको तुलनामा सस्तो र विश्वसनीय सेवा पाइने भएकाले सेवाग्राहीको आकर्षण रहेको उहाँको भनाइ छ ।

"यहाँ आउने बिरामीले सेवा सस्तो र विश्वासिलो भएको बताउनुहुन्छ । अहिले सेवा बन्द हुँदा बिरामीलाई अन्यत्र जानुपर्ने अवस्था आएको छ", उहाँले भन्नुभयो, "प्रयोगशालाका सामग्री क्रमशः सकिँदै जाँदा केही सेवाहरू बन्द हुँदै आएका थिए । तर तीनचार दिनदेखि सबै सामग्री सकिएपछि सम्पूर्ण सेवा बन्द गर्नुपर्ने अवस्था आएको हो ।"

बागमती प्रदेशका तत्कालीन स्वास्थ्यमन्त्री एवं प्रदेशसभा सदस्य उत्तम जोशीले २०८० असार १६ गतेदेखि चितवनमा जनस्वास्थ्य प्रयोगशाला सेवा एकाइ सञ्चालनमा ल्याउनुभएको थियो ।

# दाइजोका कारण कसैलाई अन्याय भए मलाई सम्पर्क गर्नु : उपसभामुख ठाकुर

जनकपुरधाम, ३१ साउन (रासस) ।

प्रतिनिधिसभाका उपसभामुख रुबीकुमारी ठाकुरले दाइजोका कारण कसैलाई अन्याय भए आफूलाई सम्पर्क गर्न सबैसँग आग्रह गर्नुभएको छ ।

धनुषाको ढल्केबरमा नाई सहयोग संस्था नेपालको दोस्रो अधिवेशन तथा चौथो साधारणसभाको शनिबार उद्घाटन गर्नुहुँदै उपसभामुख ठाकुरले दाइजो प्रथाविरुद्ध आफूले निरन्तर आवाज उठाउँदै आएकाले दाइजोका कारण कसैलाई अन्याय भए आफूलाई सम्पर्क गर्न आग्रह गर्नुभयो ।

दाइजो लिएर वा दिएर विवाह गर्ने तथा दाइजोका लागि दबाब दिने कार्य कानुनी रूपमा दण्डनीय हुने भएकाले त्यस्तो कार्य नगर्न आग्रह गर्दै उपसभामुख ठाकुरले दाइजो प्रथा अन्त्यका लागि सामूहिक पहल आवश्यक रहेको बताउनुभयो । दाइजो प्रथाको अन्त्य गर्न र ठाकुर समुदायलाई सामाजिक तथा राजनीतिक रूपमा अगाडि बढाउन सबैले एकअर्कालाई सहयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

"छोरीलाई दाइजो नभई शिक्षा दिनुहोस्, छोराको विवाह गर्दा दाइजो नलिनुहोस्", उपसभामुख ठाकुरले भन्नुभयो, "दाइजो समाजका लागि अभिसाप हो, सबै मिलेर यसको अन्त्य गरौँ ।" छोरी र बुहारीलाई पढ्न प्रोत्साहित गर्नु आवश्यक भएको उहाँको भनाइ थियो ।

सो कार्यक्रममा सिरहा नाई समाजका श्यामकुमार ठाकुरले उपसभामुख ठाकुरलाई हजाम समुदायको सामाजिक, आर्थिक, शैक्षिक तथा राजनीति उत्थानसँगै राज्यको हरेक निकायमा प्रतिनिधित्व सुनिश्चित गर्न मागपत्र बुझाउनुभयो ।


## सूचनाको हकः नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान–प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
विज्ञापन बोर्ड


## विश्व समाचार

# इन्डोनेसिया भूकम्प : मृतक संख्या ४७ पुग्यो, खोजी तथा उद्धार जारी

लाबुआन बाजो, ३१ साउन (रासस/एपी) ।

इन्डोनेसियाको पूर्वी क्षेत्रमा शक्तिशाली भूकम्प गएको भोलिपल्ट आइतबार उद्धारकर्ताहरूले भग्नावशेष र पहिरोमा पुरिएका मानिसको खोजी तीव्र बनाएका छन् । भूकम्पमा परी कम्तीमा ४७ जनाको मृत्यु भएको छ भने १०० भन्दा बढी घाइते भएका छन् । हजारौँ मानिस विस्थापित भएका छन् । राष्ट्रिय विपद् व्यवस्थापन निकायका अनुसार मङ्गराई क्षेत्रमा २४ र पूर्वी मङ्गराईमा १७ जनाको मृत्यु भएको छ । सिक्का, न्याडा र एन्डे क्षेत्रमा पनि मानवीय क्षति भएको जनाइएको छ ।

फ्लोरेस टापुका छ क्षेत्रमा भूकम्पपछि गएको पहिरोमा मानिस पुरिएको आशङ्कामा उद्धारकर्ताले खोजी गरिरहेका छन् । अमेरिकी भूगर्भ सर्वेक्षण (युएसजीएस) का अनुसार सात दशमलव सात म्याग्निच्युडको भूकम्प पूर्वी नुसा तेङ्गारा प्रान्तको एन्डेबाट उत्तर-उत्तरपश्चिमतर्फ ६८ किलोमिटर टाढा केन्द्रबिन्दु भएर गएको थियो । भूकम्पको केन्द्र समुद्रको सतहबाट करिब १० किलोमिटर गहिराइमा रहेको थियो ।

भूकम्पले फ्लोरेस टापुको अधिकांश भाग हल्लाएको थियो । यसको धक्का छिमेकी पश्चिमी नुसा तेङ्गारा र दक्षिणी सुलावेसीका केही क्षेत्रमा पनि महसुस गरिएको थियो । विपद् व्यवस्थापन निकायका अनुसार भूकम्पबाट ९०० भन्दा बढी घर ध्वस्त भएका छन् भने करिब ४५० घरमा क्षति पुगेको छ । करिब पाँच हजार मानिस अस्थायी आश्रयस्थलमा बस्न बाध्य भएका छन् । शक्तिशाली परकम्पको डरले अन्य हजारौँ बासिन्दाले रात खुला आकाशमुनि बिताएका छन् । विद्यालय, स्वास्थ्य केन्द्र र चर्चलगायत कम्तीमा १६७ सार्वजनिक संरचनामा क्षति पुगेको छ । राहतकर्मीले चामल, तयारी खाना, खानेपानी, कम्बल र औषधि वितरण सुरु गरेका छन् । विस्थापितका लागि आपत्कालीन आश्रयस्थल निर्माण भइरहेको छ ।

अधिकारीहरूले विद्युत् तथा सञ्चार सेवा पुनःस्थापना गर्नु र पहिरोका कारण सम्पर्क विच्छेद भएका दुर्गम गाउँमा राहत पुर्‍याउनु मुख्य चुनौती रहेको बताएका छन् । भूकम्पबाट कोमोडो राष्ट्रिय निकुञ्जको प्रवेशद्वारका रूपमा परिचित लाबुआन बाजो पनि प्रभावित भएको छ । पहिरोका कारण फ्लोरेसका विभिन्न बस्ती जोड्ने करिब ७०० किलोमिटर लामो ट्रान्स-फ्लोरेस राजमार्गका केही खण्ड अवरुद्ध भएका छन् ।

धेरै बासिन्दाले क्षतिग्रस्त घरमा फर्किनुभन्दा बाहिरै रात बिताएका छन् । लाबुआन बाजोकी किसान अनास्तासिया इमादले भूकम्पको कम्पन निकै तीव्र र डरलाग्दो भएको बताउनुभयो । "हामीलाई परकम्पका कारण घर भत्किएर आफूहरूमाथि खस्ने डर थियो", उहाँले क्षतिग्रस्त घरनजिकैको अस्थायी आश्रयबाट बताउनुभयो । पहुँच कठिन भएका मङ्गराई, पूर्वी मङ्गराई र नागेकेओलगायत क्षेत्रमा उद्धार टोलीले आइतबार खोजी कार्य पुनः सुरु गरेका छन् ।

मौमेरेस्थित खोज तथा उद्धार कार्यालयका प्रमुख फतुर रहमानका अनुसार अधिकांश पहिरो हटाएर केही पृथक गाउँमा सडक सम्पर्क पुनः स्थापित गरिएको छ । तर सञ्चार र विद्युत् सेवा अवरुद्ध हुँदा खोजी तथा उद्धार कार्य प्रभावित भएको छ । उहाँका अनुसार उद्धारकर्ताले भत्किएका घर तथा अन्य संरचनाको भग्नावशेषमा सम्भावित पीडितको खोजी गरिरहेका छन् ।

# हिजबुल्लाहमाथि कारबाही जारी राख्ने इजरायलको चेतावनी

जेरुसेलम, ३१ साउन (रासस/एएफपी) ।

इजरायलले खतरा महसुस भएमा हिजबुल्लाहमाथि पुनः आक्रमण गर्ने चेतावनी दिएको छ । यसैबीच, इजरायली सेनाले शनिबार दक्षिणी लेबनानमा भएको आक्रमणमा मारिएका अर्का व्यक्तिलाई हिजबुल्लाहका वरिष्ठ कमाण्डरका रूपमा पहिचान गरेको छ । उक्त आक्रमणमा बालबालिकासहित ११ जनाको मृत्यु भएको लेबनानी अधिकारीहरूले बताएका छन् ।

इजरायली अधिकारीहरूका अनुसार शनिबार दक्षिणी लेबनानमा गरिएको आक्रमण जुनमा युद्धविरामसम्बन्धी समझदारी भएयताकै सबैभन्दा घातक हो । इजरायलले उक्त कारबाही हिजबुल्लाहले दक्षिणी लेबनानको तथाकथित 'सुरक्षा क्षेत्र' मा विस्फोटक ड्रोन प्रहार गरेपछि गरिएको जनाएको छ । ड्रोन आक्रमणमा एक अधिकृतसहित तीन इजरायली सैनिक गम्भीर घाइते भएका थिए । "कुनै पनि क्षेत्रमा हिसाबकिताब बाँकी राखिने छैन । हामी हाम्रा सैनिक र नागरिकको पूर्ण शक्तिका साथ रक्षा गर्नेछौँ", इजरायली रक्षामन्त्री इजरायल काट्जले सामाजिक सञ्जाल 'एक्स'मा लेख्नुभएको छ ।

इजरायली सेनाले शनिबार मारिएका व्यक्तिमध्ये अबु हसन अलाको पहिचान गर्दै उनी हिजबुल्लाहको 'बद्र' एकाइका वरिष्ठ कमाण्डर रहेको जनाएको छ । सेनाका अनुसार उनी इजरायली सैनिकमाथि ड्रोन आक्रमण गर्ने योजनामा सङ्लग्न थिए । यसअघि इजरायलले उक्त आक्रमणमा हिजबुल्लाहको विशेष 'रडवान फोर्स'का कमाण्डर अली समीर अल-हाज हसन पनि मारिएको जनाएको थियो ।

इजरायली सेनाले हसनका परिवारका सदस्यहरू घटनास्थलमा उपस्थित रहेको स्वीकार गरे पनि उनीहरू आक्रमणको लक्ष्य नभएको भन्दै कारबाहीको बचाउ गरेको छ । लेबनानका राष्ट्रपति जोसेफ आउनले अन्सार गाउँमा भएको आक्रमणमा पूरै परिवार मारिएको बताउनुभएको छ । लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार मृतकमध्ये तीन बालबालिका र दुई महिला छन् ।

लेबनानका लागि संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजक इमरान रिजाले आक्रमणको निन्दा गर्दै नागरिक र बालबालिकाको सुरक्षा गर्नुपर्ने बताउनुभयो । यसैबीच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले हिजबुल्लाहले नागरिकलाई जानाजानी जोखिममा पारेको आरोप लगाएको छ । हिजबुल्लाहले उक्त आरोप अस्वीकार गर्दै आक्रमणका लागि नेतान्याहुलाई जिम्मेवार ठहर गरेको छ ।

इजरायल र हिजबुल्लाहबीचको तनाव अमेरिकी मध्यस्थतामा भएको समझदारीपछि केही घटेको भए पनि दक्षिणी लेबनानमा बेलाबेलामा हिंसात्मक घटना भइरहेका छन् । समझदारीअनुसार इजरायली नियन्त्रणमा रहेका दक्षिणी क्षेत्रको सुरक्षाको जिम्मेवारी लेबनानी सेनाले क्रमशः सम्हाल्ने व्यवस्था गरिएको छ । तर हिजबुल्लाहले निः शस्त्रीकरण गर्न अस्वीकार गर्दै आएको छ ।

# विपद्सँग जुध्न महिलाको बढ्दो आत्मविश्वास

विकेएलके
राजविराज, ३१ साउन ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ५ बनरझुल्लास्थित साह-पण्डित टोलकी ४० वर्षीया रेखा कुमारी साहका लागि विपद् व्यवस्थापनको तालिम केवल जानकारी हासिल गर्ने अवसर मात्र रहेन, संकटका बेला आफैं अघि सरेर उद्धार र प्राथमिक उपचार गर्न सक्ने आत्मविश्वासको आधार पनि बन्यो ।


रेखा कुमारी साहले अनुभव सुनाउँदै । *तस्बिर : राजविराज दैनिक*

घरका पुरुषहरु कामको सिलसिलामा बाहिर रहने अवस्थामा विपद्को पहिलो सामना महिलाले नै गर्नुपर्ने भएकाले महिलालाई पुरुषभन्दा बढी जागरुक र सक्षम बनाउन तालिम महत्वपूर्ण बनेको उनको अनुभव छ ।

मर्सीकोर्प्स नेपाल र कोका-कोला फाउन्डेसनको सहयोग तथा तिलाठी कोइलाडी गाउँपालिकाको समन्वयमा आसमान नेपालले सञ्चालन गरेको ‘नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना’ अन्तर्गत साहले सामूहिक प्रतिकार्य टोली (सिआरटी) को तालिम लिएकी हुन् । तालिमका क्रममा उनले प्राथमिक उपचार, खोज तथा उद्धार तथा विपद्पूर्व सूचना सम्बन्धी व्यवहारिक र विस्तृत जानकारी पाइन् ।

यसअघि पनि गाउँघरका महिलालाई प्राथमिक उपचारका केही सामान्य उपायबारे जानकारी हुने गरेको भए पनि तालिमपछि त्यसलाई व्यवस्थित र व्यवहारिक रुपमा प्रयोग गर्ने क्षमता बढेको रेखा बताउँछिन् ।

विपद्का बेला के गर्ने, कसरी घाइतेको प्राथमिक उपचार गर्ने, जोखिममा परेकालाई कसरी उद्धार गर्ने तथा विपद् पूर्व प्राप्त सूचनालाई कसरी उपयोग गर्ने भन्ने विषयमा तालिमले आफूहरुलाई थप सक्षम बनाएको उनको भनाइ छ ।

“पुरुषहरु कामको सिलसिलामा बाहिर रहने हुँदा विपद्का बेला आउन सक्ने जोखिमसँग जुध्न महिलाहरुलाई तालिमले जागरुक बनाएको छ,” रेखा भन्छिन्, “विपद्का बेला अब महिलाहरु आफैं खटिएर प्राथमिक उपचारदेखि उद्धारसम्म गर्न सक्षम भएका छन् ।”

उनका अनुसार गाउँघरमा विपद् आउँदा सबैभन्दा पहिले प्रभावित हुने र घटनास्थलमा उपस्थित हुनेमध्ये महिला पनि प्रमुख हुन्छन् । घरमा बालबालिका, ज्येष्ठ नागरिक तथा अन्य सदस्यको हेरचाहको जिम्मेवारी प्रायः महिलाकै काँधमा हुने भएकाले विपद् व्यवस्थापनको सीप उनीहरूका लागि झन् आवश्यक छ ।

तालिमपछि महिलामा विपद्को सामना गर्ने आत्मविश्वास बढेको रेखाको अनुभव छ । पहिले विपद्को घटना हुँदा पुरुषको सहयोगका लागि पर्खनुपर्ने अवस्था रहे पनि अहिले विपद् जोखिमका बेला यहाँका महिलाहरु आफैले तत्काल प्रतिक्रिया जनाउन सक्ने क्षमता विकास भएको उनी बताउँछिन् ।

रेखाको अनुभवले त्यस समुदायका महिला विपद् व्यवस्थापनमा सहभागिता जनाएर उद्धार, प्राथमिक उपचार र पूर्वतयारीको जिम्मेवारीमा समेत निर्वाह गर्नमा सक्षम भएको देखिएको हो ।

समुदायमा महिलालाई विपद्सँग जुध्ने ज्ञान र सीप दिइएको हुँदा अब विपद्का बेला हुने क्षति न्यूनीकरणसँगै तत्काल उद्धार र उपचारमा समेत महत्वपूर्ण सहयोग पुग्ने साहको विश्वास छ ।

# सप्तरीको एउटै पालिकाबाट १३ सहित १६ जना पक्राउ




दैनिक समाचारदाता
राजविराज, ३१ साउन ।

सप्तरी प्रहरीले जिल्लाको एक पालिकाबाट १३ सहित १६ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बलान बिहुल गाउँपालिकाबाट १३ जना र डाक्नेश्वरी नगरपालिकाबाट तीन जना रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरी तथा मातहतका प्रहरी कार्यालयबाट खटिएको टोलीले सप्तरी जिल्ला अदालतबाट विभिन्न मुद्दामा कैद तथा जरिवाना फैसला भएका तर फैसला कार्यान्वयन हुन बाँकी रहेका व्यक्तिहरूलाई खोजतलास गरी पक्राउ गरेको हो ।

बलान बिहुल गाउँपालिका ५ का मिथुन भन्ने चन्द्रकान्त यादवलाई नकवजनी चोरी मुद्दामा पाँच हजार रुपियाँ जरिवाना भएको थियो । सोही ठाउँका मुकेशकुमार यादवलाई सवारी ज्यान मुद्दामा दुई हजार रुपियाँ जरिवाना तोकिएको थियो ।

यस्तै, कुटपिट मुद्दामा पनि सोही ठाउँकै संजिवकुमार यादव, राजकुमार यादव, रामचन्द्र यादव, विन्देश्वर यादव, भुपनारायण यादव, अशोककुमार यादव, शिवराम यादव, प्रदीप यादव, चन्देश्वर यादव, अजितकुमार यादव र देवनारायण यादवलाई जनही तीन हजार रुपैयाँका दरले जरिवाना भएको थियो ।

त्यसैगरी, कुटपिट मुद्दामा डाक्नेश्वरी नगरपालिका ४ का विनोदकुमार यादवलाई पाँच हजार रुपैयाँ तथा वडा नम्बर ३ का आरतीदेवी मुखिया र सुन्दरलाल मुखियालाई जनही पाँच सय रुपियाँ जरिवाना भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए । उनका अनुसार पक्राउ परेका १६ जनाबाट अदालतले तोकेको कुल ४६ हजार रुपैयाँ जरिवाना असुल हुने छ ।

पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि सप्तरी जिल्ला अदालत राजविराजमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# विपद् पूर्व अनुमानमा आधारित तालिम सम्पन्न

दैनिक समाचारदाता
राजविराज, ३१ साउन ।

सप्तरीमा पूर्वानुमानमा आधारित कार्यलाई प्रभावकारी बनाउन प्रभावित व्यक्तिप्रति जवाफदेहिता र मानवीय कार्यमा अपाङ्गता समावेशीकरण सम्बन्धी दुईदिने तालिम सम्पन्न भएको छ ।

युनिसेफको सहयोगमा तिलाठी कोइलाडी, छिन्नमस्ता, हनुमाननगर कंकालिनी, कञ्चनरुप र सप्तकोशी नगरपालिकाको आयोजनामा आइतबार राजविराजमा सो तालिम सम्पन्न भएको हो ।



विपद् आउनुअघि नै पूर्वानुमान र प्रारम्भिक चेतावनीका आधारमा आवश्यक सहायता तथा स्रोत परिचालन गरी मानवीय क्षति र विपद्को प्रभाव कम गर्ने उद्देश्यले पूर्वानुमानमा आधारित कार्य सञ्चालन गर्न तालिमको आयोजना गरिएको तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश झाले जानकारी दिए ।

बाढी लगायतका विपद्को सम्भावना देखिएपछि जोखिममा रहेका समुदायलाई आवश्यक सहायता उपलब्ध गराउने, सुरक्षित स्थानमा जान सहयोग गर्ने तथा जीविकोपार्जन र सम्पत्ति जोगाउन सहयोग पुऱ्याउने उनले विश्वास व्यक्त गरे ।

युनिसेफका कार्यक्रम अधिकृत अशोककुमार झाले पूर्वानुमानमा आधारित कार्यलाई समुदायमैत्री र प्रभावकारी बनाउन स्थानीय सरकारको क्षमता अभिवृद्धिका लागि यस्तो तालिम संचालन गरिएको बताए ।

उनका अनुसार यस अघि हनुमाननगर कंकालिनी नगरपालिकाका २४ जना कार्यपालिका सदस्य तथा कर्मचारीलाई यस्तै तालिम दिइसकिएको छ र बाँकी तीन पालिकाका २४/२४ जनासहित पाँच पालिकाका गरी कुल १२० जनालाई तालिम प्रदान गरिने छ ।

तालिममा पूर्वानुमानमा आधारित कार्यसँगै प्रभावित व्यक्तिप्रति जवाफदेहिता, समुदायलाई समयमै र सहज रुपमा सूचना प्रवाह, सुझाव तथा गुनासो संयन्त्र स्थापना तथा व्यवस्थापन र समुदायबाट प्राप्त सुझावलाई पूर्वानुमानका आधार, प्रारम्भिक कार्य तथा प्रतिकार्य योजनामा समावेश गर्ने विषयमा प्रशिक्षण दिइएको कार्यक्रम अधिकृत झाले जानकारी दिए ।

त्यसैगरी विपद् व्यवस्थापनको योजना तथा निर्णय प्रक्रियामा महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने विषयलाई पनि तालिमले प्राथमिकता दिएको छ ।

स्थानीय नीति, योजना तथा कार्यविधिमा प्रभावित व्यक्तिप्रति जवाफदेहिताको सिद्धान्त समावेश गरी पूर्वानुमानमा आधारित कार्यलाई संस्थागत बनाउने विषयमा समेत तालिममा छलफल हुने बताइएको छ ।

तालिममा युनिसेफका कामदेव खनाल, अशोककुमार झा, विष्णुमाया भट्टराई, मेघराज मगर तथा सबल नेपालका मनिष महर्जन र राजेश झाले सहजीकरण गरेका थिए ।

पूर्वानुमानमा आधारित कार्यले विपद्पछि राहत र उद्धारमा मात्र निर्भर हुने परम्परागत प्रणाली भन्दा अघि बढेर जोखिमको पूर्वानुमानकै आधारमा आवश्यक तयारी र सहायता परिचालन गर्ने भएकाले स्थानीय तहमा यसको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको युनिसेफले जनाएको छ ।

तालिममा तिलाठी कोइलाडी गाउँपालिकाका कार्यपालिका सदस्य तथा कर्मचारी गरी २४ जनाको सहभागिता रहेको थियो ।

### *यसरी धराशायी ...*

खानीमा औसतमा ४४-४८ प्रतिशतको हाराहारीमा क्याल्सियम अक्साइड भएको चुनढुङ्गा पाइन्छ ।

गुणस्तरीय चुनढुङ्गा भएकाले सिमेन्ट उत्पादनका लागि ८२ प्रतिशत मात्रै चुनढुङ्गा भए पुग्छ । अन्य खानीमा पाइने चुनढुङ्गाको हकमा ९० प्रतिशतसम्म प्रयोग गर्नुपर्ने अवस्था छ । उद्योगले सिमेन्ट उत्पादनमा तीन प्रतिशत सिलिका स्यान्ड, रातो माटो १३ प्रतिशत र दुई प्रतिशत आइरन प्रयोग गर्छ । अहिले उद्योगले आइरनबाहेक अन्य कच्चा पदार्थ आयात गर्नुपर्दैन ।

गुणस्तरीय चुनढुङ्गा पाइने यही खानीको लाइसेन्स खानी तथा भूगर्भ विभागले २०८१ असोजमा खारेज गरिदियो । सरकारी उद्योगले रु ७४ लाख राजस्व नबुझाएको कारण विभागले देखायो । यसका पछाडि विभिन्न स्वार्थ समूह लागेको जानकार बताउँछन् । उक्त उद्योगबारे अध्ययन गरिरहेका एक जानकारका अनुसार सकेसम्म खानीको लाइसेन्स आफूले लिने नभए उक्त खानीबाट उत्खनन गरिएका चुनढुङ्गा भए पनि लिने प्रयास पटक पटक भएका छन् । सोही कारण पटक पटक बन्द हुने, समयमै आपूर्ती नहुने समस्या आएको हो ।

तर वर्तमान सरकार गठन भएपछि १०० दिनभित्रै विभागलाई बुझाउनुपर्ने राजस्व दाखिला गरी लाइसेन्स नवीकरण भइसकेको छ । यसबाट खानीको स्वामित्व अन्य कम्पनीलाई दिने चलखेलमा ब्रेक लाग्यो । वर्तमान सरकारले अब उदयपुर सिमेन्ट उद्योगमा महाप्रबन्धकको नियुक्त गरी उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने तयारी गरिरहेको छ । हाल उद्योगको उत्पादन क्षमता दैनिक ८०० मेट्रिक टन रहेको छ ।

### *दोश्रो पटक छोरी ...*

कात्तिक १७ गते सबै मिलेर उनलाई जबरजस्ती विष सेवन गराई हत्या गरेको अनुसन्धानबाट खुलेको थियो ।

त्यसपछि उनीहरु सबै फरार भएका थिए । बद्री भने गाउँ फर्केको र घर मै लुकी छिपी बसिरहेको गोप्य सुचना प्राप्त भएपछि पुगेको प्रहरी टोलीले नियन्त्रणमा लिएको प्रहरीको भनाइ छ । सप्तरीको कंचनरुप नगरपालिका ३ बरमझिया माइत रहेकी शिव कुमारीको दुई छोरी मध्ये ९ वर्षिया जेठी छोरी अहिले आफूसँगै रहेको तथा पाँच वर्षिया कान्छी छोरी ज्वाईंकै परिवारले राखेको हजुरबुबा रामदेवले सुनाए ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*